# महामारी मन्थन

## भोग्यौं, तर सिकेनौं !

यो शताब्दीकै ठूलो मानवीय संकटका रुपमा प्रकट कोरोना संक्रमणको तेस्रो भेरियन्टसम्म खेपिसक्दा प्रष्ट भन्छौं- हामी महामारीको प्रताडनाबाट प्रताडित भयौं, ठूलो क्षति (मानवीय, आर्थिक, सांस्कृतिक लगायत) त बेहोर्‍यौं, तर त्यो अप्रिय प्रकोपको कनै शिक्षा लिन सकेनौं ।



मदनकुमार श्रेष्ठ

> ‘ आर्थिक-शैक्षिक-सांस्कृतिक असर र त्यसको परिणाम मुलुकले लामो समय खेप्नुपर्नेछ । तर महामारीबाट नागरिकको जीवनरक्षा गर्न आवश्यक संरचना निर्माण र समाजलाई सामान्यकालमा फर्काउने ठोस् कार्यक्रम आउन सकेको छैन ।

पुस तेस्रो साताबाट नेपालमा फैलिएको कोरोना भाइरसको तेस्रो भेरियन्ट ओमिक्रोनका कारण लगाइएको प्रतिबन्धात्मक व्यवस्था कायमै छ। यसको अर्थ मुलुक सामान्य अवस्थामा फर्कन सकेको छैन । राजधानी उपत्यकामा निषेधात्मक प्रबन्ध कायमै छ । पहिलो र दोस्रो लहरको संक्रमण जसरी यसपटक देशव्यापी लकडाउन गरिएको छैन । स्थानीय प्रशासनलाई महामारी रोकथामबारे आवश्यक निर्णय गर्ने अधिकार दिइएकाले निषेधाज्ञा समेत लगाइएन। तर भीडजन्य गतिविधिमा रोक लगाइएको छ ।

मुलुककै प्रमुख प्रशासनिक शहर राजधानीमा सार्वजनिक तथा निजी सवारी साधनमा लागू गरिएको जोरबिजोर प्रणाली हटाइएको छ। तर शैक्षिक संस्था, फिल्म हल, सभा समारोहजस्ता भीडजन्य गतिविधिमा रोक लगाइएको छ। विशेषगरी यसपटक पनि शैक्षिक क्षेत्रमा ठूलो असर परेको छ। निर्धारित परीक्षा समेत रोकिएको कलेजहरुमा पठनपठान हुन सकेको छैन ।

आन्तरिक तथा बाह्य उडानमा प्रतिबन्धात्मक व्यवस्था कायमै छ । यति गर्दा पनि संक्रमण घट्न सकेको छैन । १५ दिन बढी लगातार दैनिक दश हजारको हाराहारीमा संक्रमित भए । त्यसमध्ये राजधानी उपत्यकामा नराम्रोगरी प्रभावित बन्यो । माघ पहिलो साता राजधानी उपत्यकामा ५० हजार बढी संक्रमित उपचारत थिए । कतिसम्म भने कोरोना परीक्षण गराउने प्रयोगशाला, उपचार गराउने अस्पताल सञ्चालन गराउन जनशक्ति समेत नरहने संक्रमण देखियो ।

पहिलो र दोस्रो लहर भन्दा तीव्र गतिमा ओमिक्रोनको संक्रमण देखिएको थियो । ओमिक्रोनकै कारण घरघरमा बिरामी देखिएपछि बजारमा सिटामोलको समेत अभाव भयो । जबकी यसअघि पहिलो र दोस्रो चरणको संक्रमण नेपालले खेपिसकेको थियो। ढिलै भएपनि कोरानोविरुद्धको खोप नेपाल आइसकेको थियो। तर पनि कतिपय कार्यालय बन्द हुनेगरी संक्रमण देखियो । घरघरमा बिरामी देखिदा परीक्षण गराउने निकाय देखिएन। न्यून आय भएका, दिनभर काम गरेर साँझ-बिहान टार्ने देखि संक्रमित बस्ने आइसोलेसनको प्रबन्ध थिएन। अर्थात्, माघ ०७७ देखि नेपालमा भित्रिएको कोरोना संक्रमण



रोकथामको पर्याप्त तयारी थिएन। संक्रमणबाट ठूलो प्रताडना नागरिकले खेपेनि नागरिकको जीवनरक्षाबारे सिकाइ कतिपनि थिएन ।

### ■ नेतृत्वको गैरजिम्मेवारी

संकटकै बेला नागरिकले राज्य र नेतृत्वको आवश्यकता महशुस गर्छन् । तर मुलुकको नेतृत्व गर्ने नेता, राजनीतिक शक्ति र राज्यका निकायहरुमा दायित्वबोध देखिएन। पहिलो चरणको संक्रमण देखिदै गर्दा विकसित भएको राजनीतिक शक्ति संघर्षकै निरन्तरता पाइरह्यो । त्यसबेला तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकार थियो । अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए। नेकपाको आन्तरिक शक्ति संघर्ष चर्कोगरी चर्किएको थियो ।

ओली सरकारले देशब्यापी लकडाउनको निर्णय लियो । कोरोना महामारीको मनोवैज्ञानिक भयकै कारण सरकारको निर्णय नागरिकले चुपचाप पालना गरे। हिडेरै पूर्वका श्रमिक पश्चिम पुगे। भोक टार्न सडकमा तयार खाना खान तयार भए। सरकारका हरेक निर्णय पालना गरे । तर पहिलो चरणको संक्रमणबाट तीन हजार हाराहारीमा नागरिकले ज्यान गुमाए ।

तर त्यो सरकार र नेकपाका नेतृत्वले नागरिकको समस्याबारे किञ्चित ध्यान दिएनन् । असंवैधानिक कदम चाल्नेतिर ओली लागे। प्रतिनिधिसभा विघटनको निर्णय गरे । त्यो पनि एक दुई पटक । राज्य शक्ति सन्तुलन बिग्रनेगरी संवैधानिक निकायहरुमा नियुक्त भयो। मुलुकमा अध्यादेशबाट शासन चलाउन थालियो। दल विभाजन जस्तो अप्रिय निर्णय गर्न तयार ओलीले राज्यसत्ता कब्जाको कदम चाले। कोरोना महामारी भुलेर देशब्यापी राजनीतिक सभा चल्यो ।

त्यही गैरजिम्मेवार शक्ति संघर्षकै बीच दोस्रो लहरको संक्रमण नेपाल भित्रियो । संक्रमित संख्या अत्याधिक बढ्यो । पहिलो चरणको लकडाउन र निषेधाज्ञाको नियति फेरि दोहोरियो । संक्रमणबाट मृत्यु हुने संख्या एघार हजार पुग्यो । तर नेकपा विभाजित भयो। राष्ट्रपति विद्यादेवी भण्डारी, सर्वोच्च अदालत देखि निर्वाचन आयोग समेत विवादित बन्यो। अदालतले माग दावी नै नगरिएको फैसला सुनायो। नेकपाको एकता प्रक्रिया भंग भयो ।

नेकपा एमाले र माओवादी केन्द्र ब्युतियो। एमाले विभाजित भयो। केही नेताहरुले माओवादी छोडे। ७ जेठ २०७८ को मध्यरात ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटनको असंवैधानिक निर्णय गरे । ओलीको यो कदमपछि विकसित राजनीतिक घटनाक्रम अहिले पनि सामान्य अवस्थामा फर्किएको छैन ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा गठबन्धनका प्रधानमन्त्री छन् । प्रमुख दल एमाले विपक्षीमा रहँदा काँग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको गठबन्धन – बाँकी पृष्ठ ज मा




# माधव मन्थन



• धनराज वास्तविक

# संसद्को संकटमोचक

आगामी चुनावमा माधव नेपालले नेतृत्व गरेको पार्टीले कत्रो आकार बनाउछ ? के गर्छ ? त्यसले खासै अर्थ राख्दैन । इमान्दारिता, त्याग, निष्ठा र विचार प्रमुख कुरा हो । जुन कुरामा माधव नेपाल सुविचारित र वैज्ञानिक ढंगले सोचिरहेका छन् ।

**६**

आर्थिक-शैक्षिक-सांस्कृतिक असर र त्यसको परिणाम मुलुकले लामो समय खेप्नुपर्नेछ । तर महामारीबाट नागरिकको जीवनरक्षा गर्न आवश्यक संरचना निर्माण र समाजलाई सामान्यकालमा फर्काउने ठोस् कार्यक्रम आउन सकेको छैन ।

मुलुकलाई स्वाधीन बनाउने, विदेशी हस्तक्षेपबाट टाढा राख्ने, विकास र समृद्धिबारे चिन्ता गर्ने दावी कयौंले गर्छन् । तर, राजनीतिक विज्ञानले सबै चिन्ताहरु मान्यता दिँदैन । बीपीको पालामा महेन्द्र परिवर्तनको बाधक बने । जुन समयमा बीपीले केही गर्न नखोजेका होइनन् । तत्कालीन सयम र उनका आफ्नै कमजोरीका कारण परिर्वतन संस्थागत हुन पाएन । त्यसको खास कारण बीपी र महेन्द्र बीच टकराव थियो । कसले जित्ने भन्ने लडाईं थियो । उनीहरुले देशलाई जिताउने कोसिस नै गरेनन् भन्दा अन्यथा हुँदैन ।



समाज परिर्वतनको आफ्नै गति हुन्छ । राजनीतिक दल वा कुनै नेताले चाहँदैमा समाज परिर्वतन हुँदैन । परिर्वतनका लागि केही जस दिने र लिने ठाउँमा राजनीतिक शक्ति भने अवश्य आउँछ । त्यस बाहेक परिवर्तनको आफ्नै नियम छ । प्रकृति छ । समय र अवधि छ । जस्तो- अण्डालाई कुखुराले निश्चित तापक्रम दिएपछि मात्रै चल्ला जन्मिन्छ । अर्थात् जबरजस्ति वा पदार्थको आन्तरिक तयारी र कारण बिना परिर्वतन सम्भव हुँदैन ।

राजनीतिक विचारले परिर्वतनका सन्दर्भहरु सुनाउँछ । समाजले महसुस गर्छ र परिवर्तनमा भाग लिएपछि मात्रै परिर्वतन देखिने हो । नेपालमा लोकतान्त्रिक परिर्वतनको अभ्यास बिक्रम सम्वत् १९९० को दशकदेखि भएको थियो । २००७ सालदेखि आजसम्मका मुख्य नेताहरुको नाम लिने हो भने बीपी, पुष्पलाल, मदन भण्डारीहरुको नाम शीर्ष स्थानमा आउँछ । परिर्वतनको आन्दोलनमा शीर्ष नेता, पार्टीका कार्यकर्ता, नागरिक समाज, पत्रकार, कलाकार, जनता, परिर्वनकारी शक्ति सबैको योगदान छ । हामीले हासिल गरेको परिवर्तन कसैले सित्तैमा प्रदान गरेको अनुदान होइन । ००७, ०३६, ०४६, २०५२, दोस्रो जनआन्दोलन, मधेश जनविद्रोहको जगमा उभिएको छ- संघीय लोकतान्त्रिक समाजवादी गणतन्त्र ।

## इपी सेन्टरमा माधव

राजनीतिक विज्ञानको सिकारु विद्यार्थी हुनुको हिसाबले विकसित राजनीतिक गतिबिधिहरुले ध्यान नखिच्ने कुरै भएन । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले आगामी निर्वाचनबारे दिएका अभिव्यक्तिले नयाँ सन्देश प्रवाह गरेको छ । नेकपा एमाले, नागरिक समाज, पत्रकारले अध्यक्ष नेपाल र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई चुनावबाट भाग्न खोजेका आरोप लगाएका छन् ।

तर, वर्तमान परिस्थितिको नेतृत्वमा रहेको नाताले माधव नेपालको भूमिका सामान्य छैन र हुनुहुँदैन पनि । स्वीकार गर्ने/नगर्ने फरक कुरा । तर, हाल नेपालको राजनीति माधव नेपालको वरिपरि घुमेको छ । यो कुरा अन्तर्राष्ट्रिय सम्बन्धका जानकारहरुले महसुस गरेको हुनुपर्छ, विदेशी शक्तिहरुले पत्याउने मान्छे पनि माधव नेपाल नै हुन् । यसको अर्थ यो होइन कि उनी बिदेशीको इशारामा चल्ने नेता हुन् । देशको सार्थकता खोज्नेहरुलाई थाहा हुन्छ, देश बन्न केही मान्यताहरुको खाँचो पर्छ । यसैको आधारमा माधव नेपालको वरिपरि वर्तमान राजनीति घुमिरहेको छ भन्न खोजिएको हो ।

माधव नेपालले पार्टीको नेतृत्वमा हुँदा होस् या वृहत्त शान्ति सम्झौता गर्दा, २०६४ सालको निर्वाचनमा तत्कालिन एमालेले चुनाव हार्दा उनले देखाएको नैतिकता नेपाली राजनीतिमा स्थापित छ ।

२०७४ सालपछि माधव नेपालले स्वार्थ केन्द्रमा देशलाई राखेर हिडिरहेका छन् । त्यसैले उनको वरिपरि नेपालको राजनीति घुमिरहेको छ । जसले इमान्दारपूर्वक देशलाई विजयी बनाउने सपना देख्छ र कर्तव्यपूरा गर्नतर्फ लाग्छ, त्यसको विश्वास सबैले गर्नुपर्छ/गर्छन् । २०७४ सालमा कांग्रेसका सभापति शेरबहादुर देउवाले देशलाई जिताउने काममा भूमिका खेलेका थिए । आफ्नो पार्टी चुनावमा पत्तासाप हुने देख्दादेख्दै पनि उनले इमान्दारपूर्वक संविधान अनुसार चुनाव गराए । देशलाई स्थिरतातर्फ प्रस्तान गरेर आफू र आफ्नो पार्टीलाई प्रतिपक्षी कुर्चिमा राखे । अवस्था बदलियो, तत्कालिन एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपा (नेकपा) भित्रको एउटा स्वार्थ झुण्डले देशलाई हराउने खेलको सुरुवात गर्‍यो । तत्कालीन एक अध्यक्ष केपी ओलीले पुनः आफू जित्ने खेल सुरु गरेपछि माधव नेपाल पुनः सक्रिय बनेका हुन् । प्रचण्डले ओलीलाई हल्लाउन समेत नसकेको नेपालले सार्वजनिक भाषण गरे । ओलीको स्वेच्छारीता, मनोमानी, भ्रष्टाचारी, व्यक्तिवादी सोच र साँढे प्रवृत्तिको खिलापमा माधव नेपालले आगो ओकले ।

समय बित्दै गयो, केपी ओली सुध्रिएनन् । उनी थप अराजक बन्दै गए । नाङ्गो नाच देखाउन थाले । पार्टीको बहुमत निर्णयलाई कुल्चिन थाले । सरकारी काम कारबाहीमा कमजोर बन्दै गए । उद्घाटनमा रमाउन थाले । बुख्याँचा र होडिङ बोर्डमा संसार देख्न थाले । भ्रष्टाचारका घटना सार्वजनिक हुँदै गए ।

सामाजिक न्याय सम्पादनमा उनी नराम्रोसँग चुके । त्यतिमात्रै होइन, ओलीले दुई पटक प्रतिनिधिसभा विघटनको दुस्प्रयास गरे । दुवै पटक पुर्नस्थापनाका – बाँकी पृष्ठ ज मा

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कैलाश खड्का
(अध्यक्ष)
तथा
नेपाल स्वास्थ्य व्यवसायी महासंघ
परिवार
ओमनगर, सिनामंगल-९ काठमाडौं, फोन: ४१११०२१, ४१११०२२

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्र भण्डारी
(कार्यबाहक अध्यक्ष)
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
परिवार
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन: ०१-४४६४३०१, ४४६४७२६

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नारायण पराजुली
प्रबन्ध निर्देशक, तथा
प्रुडेन्सियल ओभरसिज प्रा. लि.
परिवार
तिनकुने, काठमाडौं, फोन: ५१०४५२५
दुर्गा बहादुर थापा
अध्यक्ष, तथा
सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.
परिवार
सुविधानगर, काठमाडौं, नेपाल, फोन: ४४९१२६४

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
भानु सिवाकोटी
अध्यक्ष
टिका सिवाकोटी (आदर्श)
प्रबन्ध निर्देशक
तथा
अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८७२०७, ४३५५०६५

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रज्ञान न्यौपाने
प्रबन्ध निर्देशक, तथा
बाबा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.
परिवार
प्रगति टोल, धुम्बराही ०४, काठमाडौं, फोन: ४४४००९३

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
हरि बहादुर पाण्डे
(प्रबन्ध निर्देशक)
तथा
फ्युचर स्टार म्यानपावर (प्रा.) लि.
परिवार
सामाखुसी-२९, टाउनप्लानिङ, काठमाडौं, फोन: ४३६०५७६, ४३५०७१२

## सीपको सवाल



• मुकुन्द लामिछाने

# वैदेशिक रोजगारीमा सीप र दक्षताको सवाल

नेपाली कामदारका परम्परागत गन्तव्य मुलुक खाडी र मलेसियामा पठाउने जनशक्ति हालको सीप र क्षमता बढाउन लगानी नबढाउने हो भने वैदेशिक रोजगारमा गरिएको लगानीको लागत पनि नउठ्ने हुन सक्छ ।

वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई दुई आार्थिक वर्षको फरकमा वैदेशिक रोजगारीमा गएका नेपाली कामदार हरूको सीप र दक्षताको मूल्याङ्कन गर्दा उनीहरूमा सीपको विकास अपेक्षित मात्रामा हुन सकिरहेको देखिँदैन । वैदेशिक रोजगारीमा गएका मध्ये अधिकांश अदक्ष देखिन्छन् । मुलुकको आन्तरिक उत्पादनमा निरन्तर कमी आइरहेको अहिलेको अवस्थामा आयात धान्न र मुलुकको अर्थतन्त्र चलायमान बनाउन वैदेशिक रोजगार प्रमुख आधार बनेको छ । विदेशी मुद्रा आर्जनको प्रमुख श्रोत पर्यटन व्यवसाय कोभिडका कारणले शिथिल भएको अर्थतन्त्रलाई वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्स नै बढ्दो राष्ट्रिय व्यापार घाटा कम गर्ने आधार बनेको छ । स्थानीय रूपमा रेमिट्यान्स करिब ५६ प्रतिशत घरधुरीको शिक्षा, पोषण र औषधोपचारसहित जिविकाको मुख्य आधार बनेको छ । वैदेशिक रोजगारमा जाने कामदारको सीप र क्षमता वृद्धि परिवारसँगै राष्ट्रको आर्थिक स्वस्थताका लागि महत्वपूर्ण हुन्छ । तर सीप र दक्षताको दृष्टिकोणबाट वैदेशिक रोजगारमा जाने नेपाली कामदार पछि परेका छन् ।

विदेशमा नेपाली कामदारका प्रमुख प्रतिस्पर्धीका रूपमा भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, फिलिपिन्स र भियतनाम लगायतबाट जाने कामदार छन् । क्षेत्रगतरूपमा विश्लेषण गर्दा गन्तव्य मुलुकमा सुरक्षागार्डको कामका लागि भारत, पाकिस्तान र श्रीलंका मुख्य प्रतिस्पर्धी देशको रूपमा रहेका छन् । होटल श्रमिकका लागि भारतीय, फिलिपिन्स र श्रीलंका, निर्माण मजदुरहरूका लागि बंगलादेशी, भारतीय र पाकिस्तानीहरु प्रमुख प्रतिस्पर्धी रहेका छन् । प्राविधिक कामको क्षेत्रमा भारतीय, फिलिपिनो र श्रीलंकेली कामदार मुख्य प्रतिस्पर्धी मानिन्छन् । कृषि तथा घरायसी कामका लागि नेपाली कामदारहरू भारतीय, भियतनामी तथा बंगलादेशका कामदारसँग प्रतिस्पर्धामा छन् । ती देशले वैदेशिक रोजगारीमा जाने कामदारको सीप र क्षमता वृद्धिका लागि निरन्तर लगानी बढाएपनि नेपालको हकमा सीप क्षमताका लागि लगानी बढ्न सकेको छैन ।

नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारमा जाने कामदारको प्रतिस्पर्धी क्षमता बढाउन सुझाव दिएको पनि धेरै समय गुज्रिसकेको छ । धेरै कामदारहरु स्वयंमा सीप सिकेर मात्रै वैदेशिक रोजगारीमा जानुपर्छ भन्ने सोचको विकास अझैसम्म पनि हुन सकिरहेको छैन भने सरकारी तहमा सीप तालिमको विषय सार्वजनिक खपतको विषयभन्दा बाहिर आउन सकेको देखिँदैन । कोभिड महामारीका कारणले वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा निरन्तर कमी आइरहेको छ। सीपको अभावमा उनीहरूको आर्जन बढ्न सकिरहेको छैन । वैदेशिक रोजगारमा जाने कामदारको संख्या र क्षमतामा बृद्धि हुन नसकेको अवस्थामा भविष्यमा नेपालको वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्सको आकार घट्ने छ ।

**"**

नेपाली कामदारका परम्परागत गन्तव्य मुलुक खाडी र मलेसियामा पठाउने जनशक्ति हालको सीप र क्षमता बढाउन लगानी नबढाउने हो भने वैदेशिक रोजगारमा गरिएको लगानीको लागत पनि नउठ्ने हुन सक्छ ।




**वैदेशिक रोजगारीमा गएका २०७८ पुस**

उच्चदक्ष : १५ जना
व्यवसायिक (प्रोफेसनल) : १०४ जना
अर्धदक्ष (सेमीस्कील) : ६५७ जना
दक्ष (स्कील) : २३७१४ जना
अदक्ष (अनस्कील) : ३१८६४ जना


**वैदेशिक रोजगारीमा गएका २०७६ वैशाख**

उच्चदक्ष : १६ जना
व्यवसायीक (प्रोफेसनल) : ९७ जना
अर्धदक्ष (सेमीस्कील) : ३३६३ जना
दक्ष (स्कील) : १५५७७ जना
अदक्ष (अनस्कील) : २६८२५ जना

हालै बेलायतले नेपालबाट दश हजार नर्स लैजान सम्झौताका लागि तयारी भइरहेको समाचार सार्वजनिक भएको छ । उक्त समाचारपछि बेलायतमा आकर्षक तलब सुविधासहितको रोजगारी पाउने आशाको सञ्चार गराएको छ । सँगसँगै, प्रश्न के पनि उठिरहेको छ भने के बेलायतले खोजे अनुसारको दक्ष नर्सिङ जनशक्ति नेपालबाट जान सक्ला ? यसअघि बेलायतको नर्सिङ सेवामा नेपाली नर्स पठाउने प्रयास गरी असफल भएका एक वैदेशिक रोजगार व्यवसायी भन्छन्, 'बेलायत जान चाहने नेपाली नर्सिङ जनशक्तिको मौजुदा अंग्रेजी भाषाको दक्षता धेरै तल देखिन्छ । नेपाल र बेलायतका बीचमा नर्सिङ जनशक्ति पठाउने सहमति भएमा सबैभन्दा पहिला कम्तीमा ६ महिना अंग्रेजी भाषा पढाउनुपर्छ ।'


बेलायत मात्र होइन, नेपाली कामदारका परम्परागत गन्तव्यका मुलुक खाडी र मलेसियामा पठाउने जनशक्ति हालको सीप र क्षमता बढाउन लगानी नबढाउने हो भने वैदेशिक रोजगारमा गरिएको लगानीको लागत पनि नउठ्ने हुन सक्छ । त्यसैले वैदेशिक रोजगारको संख्यात्मकसँगै गुणात्मक बृद्धिमा जोडदिन जरुरी छ ।









## संक्रमित मैदान



• दिवाकर अधिकारी

# मैदानमा खेलाडी, जोखिममा जीवन

तीन चरणमा देखिएको कोरोना संक्रमणको महामारीले नेपाली खेलकुद नराम्रोसँग प्रभावित बन्यो । तर खेलाडीहरु जीवन जोखिम राखेरै विभिन्न प्रतियोगिता खेल्दै आए ।

> ६
> संक्रमणको पहिलो लहर शुरु हुँदा बन्द गरिएको खेल क्षेत्र दोस्रो लहर र तेस्रो लहरमा आइपुग्दा भने महामारीबीच टाउको उठाउन थालेको छ ।

कहिले सीमित दर्शकको उपस्थिति, कहिलै रित्तै दर्शकदीर्घा । यस्तै परिवेशमा खेल्न बाध्य छन्, अहिले खेलाडी । कारण हो, विश्वव्यापी कोरोना संक्रमणको महामारी । संक्रमणको पहिलो लहर शुरु हुँदा बन्द गरिएको खेल क्षेत्र दोस्रो लहर र तेस्रो लहरमा आइपुग्दा भने महामारीबीच टाउको उठाउन थालेको छ। तर, कहिले खेलाडीमा संक्रमणका कारण खेल अनिश्चित त कहिले खेल नै स्थगितको नियति कायमै छ। यस्तो परिस्थिति नेपालमा मात्रै नभएर विश्वभर कायम छ।

खेलकुद गतिविधि पहिलो लहरको कोरोना संक्रमण फैलिँदा पूर्ण रुपमा ठप्प भएको थियो । सरकारले संक्रमण रोकथाम तथा नियन्त्रणका लागि लकडाउन लागू गरेपछि खेल क्षेत्र पूर्णरुपमा बन्द भयो । सो समयमा खेलाडीहरुले कुनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाएनन् । खेल त परैको कुरा प्रशिक्षणसमेत गर्न पाएनन्। सबै खेलाडी आ-आफ्नै घरमा बस्न बाध्य बने ।

तर पहिलो लहरको संक्रमणपछि भने खेलकुद क्षेत्रले केही राहत पायो । दास्रो लहरमा पहिलोजस्तो खेल क्षेत्र पूर्ण ठप्प भएन । स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै खेलाडीहरु प्रशिक्षणमा सहभागी भए र केही प्रतियोगिताहरु पनि सञ्चालन भए। यसैक्रममा तेस्रो लहरको संक्रमणसम्म आइपुग्दा प्रतियोगिताहरु पूर्णरुपमा सञ्चालन भइरहेका छन्। तर संक्रमणकाल अघि जस्तो पूर्ण उत्साह भने पाइन्नँ । खेलाडीमा संक्रमण, दर्शकलाई प्रतिबन्ध लगायत अवरोधले पनि पूर्ण उत्साह नभएको पुष्टि गर्छ ।

सरकारले खेल क्षेत्रलाई चलायमान राख्न विभिन्न उपाय अपनाइरहेको छ। खेलाडीले पूर्ण मात्रा खोप लगाएको हुनुपर्ने, खेल अघि अनिवार्य पीसीआर परीक्षण लगायत स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउँदै खेलहरु आयोजना भइरहेका छन्। त्यस्तै खेल हेर्न जाने दर्शकले पनि पूर्ण मात्रा खोप लगाएको हुनुपर्ने मापदण्ड बनाइएको छ । भर्खरै मात्र पनि सम्पन्न भएको अफ्रिकी मुलुक मरिसससँगको मैत्रीपूर्ण फुटबल खेलमा पनि



पूर्ण खोप लगाएका दर्शकहरुलाई मात्र रंगशाला प्रवेश गर्न दिइएको थियो ।

यो पनि खेलकुद क्षेत्रको लागि सुखद पक्ष हो । दर्शक बिना नै खेल सञ्चालन गर्नुभन्दा खोप लगाएका दर्शकलाई प्रवेश दिँदा खेलकुद क्षेत्र केही चलायमान हुने आश हुन्छ ।

### • फुटबलमा प्रभाव

तर पछिल्लो समय भने राष्ट्रिय स्तरका प्रतियोगिताहरु स्थगित हुँदै जाँदा पहिलेजस्तै खेलकुद क्षेत्र नै ठप्प हुने त होइन ? भन्ने प्रश्न उठेको छ । महिला राष्ट्रिय फुटबल लिगसहित मोफसलका गोल्डकपहरु धमाधम स्थगित भएका छन् । सरकारले कोभिड नियन्त्रणका लागि जारी गरेको प्रतिबन्धात्मक आदेशलाई मध्यनजर गर्दै मोफसलका खेलकुद गतिविधिहरु स्थगित गरिएको हो ।

तर, यस विषयमा देशको सर्वोच्च खेलकुद निकाय अखिल नेपाल फुटबल संघ (एन्फा)ले कुनै तयारी गरेको देखिँदैन । स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै सुरक्षितरुपमा खेलकुद गतिविधि सञ्चालन गराउन एन्फाले समयमै निर्णय लिनुपर्ने हो । तर एन्फा नै उदासिन बन्दा खेल क्षेत्रले पुनः ठूलो नोक्सानी व्यहोर्नुपर्ने हो कि भन्ने त्रास उत्पन्न भएको छ ।


### • क्रिकेटमा असर

कोभिड महामारीले फुटबल प्रतियोगितामात्र होइन क्रिकेटका घरेलु प्रतियोगिताहरु – बाँकी पृष्ठ ज मा




















## अराजनीतिक रहर

• रेशमराज पौडेल

# वैदेशिक रोजगारमा अति राजनीतिकरणको खतरा

**संघको निर्वाचनमा सहमति नभई स्वार्थी राजनीति हावी भएमा साधारणसभा र आगामी निर्वाचन औपचारिक मात्र बन्नेछन् । संघ निष्प्रभावी हुने खतरा बढ्ने छ ।**

नेपालमा वैदेशिक रोजगार व्यवसाय संस्थागत रूपमा सञ्चालन हुन थालेको तीन दशक हुन थालेको छ । निजी क्षेत्रका व्यवसायीहरूको निरन्तरको मेहनत र जोखिम उठाउने शाहसका कारण हाल वैदेशिक रोजगार क्षेत्र एउटा बृहत उद्योगको हैसियतमा विकास भइरहेको छ। उनीहरूले स्वदेशमा हजारौं र विदेशमा लाखौं नेपाली युवायुवतीलाई रोजगारी दिइरहेका छन् ।

नेपालबाट युवायुवतीहरू रोजगारीका लागि ठूलो संख्यामा विदेशिन थालेपछि वैदेशिक रोजगारले मुलुकको दीर्घकालीन हित गर्छ, गर्दैन भन्ने सवालमा दुई कित्तामा बहश भइरहेको छ । तर प्रत्येक बर्ष श्रम बजारमा आउने पाँच लाख बढी युवायुवतीलाई आन्तरिक श्रम बजारले रोजगारी प्रदान गर्न नसक्दा वैदेशिक रोजगारी नै उनीहरू र आश्रित परिवारको जिविकाको आधार बनेको छ। राजनीतिको आन्तरिक खिचातानी र प्रशासनमा रहेको चरम भ्रष्टाचारका कारण मुलुकमा तत्काल ठुलो परिमाणमा विदेशी लगानी र प्रविधि भित्रिई रोजगारीका नयाँ र ठूलाठूला अवसर सिर्जना हुने संभावना कम्तिमा पनि हाललाई देखिएको छैन। यस्तो अवस्थामा वैदेशिक रोजगारको वर्तमान स्थितिमा सुधार तथा नयाँ गन्तव्यको खोजी नै रोजगारीमा जाने कामदार तथा सिंगो मुलुकको हितमा देखिन्छ ।

नेपाली कामदारका लागि परम्परागत श्रम गन्तव्य र केही नयाँ गन्तव्यमा अवसरहरू देखिन्छन् । तर सरकारी निकायहरूको उदासीनताले ती अवसरहरू खेर गईरहेको अवस्था छ। सरकारले चाहेमा वैदेशिक रोजगार प्रशासनका समस्याको समाधान सरल तरिकाले हुने भएपनि लामो समयदेखि बैदेशिक रोजगार भित्रका समस्याले समाधान पाउन सकेका छैनन्। समस्याको समाधान हुन नसक्नुमा राजनितिक तथा सरकारी पक्षलाई गैर सरकारी पक्षबाट दिइने दवावले पनि भूमिका खेलिरहेको कतिपयले टिप्पणी गरिरहेका छन् ।

वैदेशिक रोजगार ऐन२०४२ जारी भएपछि संस्थागत भएको नेपालको वैदेशिक रोजगार क्षेत्र हाल वैदेशिक रोजगार ऐन २०६४ अन्तरगत सञ्चालित छ। ऐन तथा नियमावलीहरुमा पटक पटक संशोधन गरिएपनि त्यसमा लचिलोपन नल्याइएको सरोकारवाला निजी क्षत्रेका वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो रहँदै आएको छ ।

बैदेशिक रोजगार ऐन २०६४ मा सशोधन गरी ईजाजतपत्र नवीकरणगर्दा प्रतिवर्ष सय जना कामदार अनिवार्य पठाउन पर्ने व्यवस्थाको अन्त्य, सेवा शुल्कमा परिमार्जन गरि भारत, पाकिस्तान, श्रीलंका, बंगलादेशलगायत दक्षिणी एशियाली मुलुकका म्यानपावर कम्पनीले वैदेशिक रोजगारमा कामदार पठाउँदा लिए सरह सेवाशुल्क लिने व्यवस्था गर्नुपर्ने, बैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई रोजगार करारपत्रका आधारमा अन्तिम श्रम स्वीकृति, नेपाली श्रमिकहरुका लागि आकर्षक मानिएका युरोपेली गन्तव्य मुलुकहरुको मागपत्र प्रमाणिकरमा सहजता, वैदेशिक रोजगार विभागले प्रयोगमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा सुधारजस्ता अनगिन्ती समस्या भित्र वैदेशिक रोजगार जकडिएको छ ।

व्यवसायीहरुको छातासस्थाका रुपमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र संघलाई छाता संस्था मान्ने पार्टीगत, जातीय, भेगीय तथा क्षेत्रीय संल्थाहरुले एकल वा सामुहिक रुपमा समस्या समाधानका लागि निरन्तर पहल गरिहेको पनि देखिन्छ । तर मेहनत अनुसारको परिणाम आउन सकेको छैन नत वैदेशिक रोजगार भित्रका यी महत्वपूर्ण विषयमा राजनीतिको मूल प्रवाहले ध्यान दिन नै चाहेको छ।

वैदेशिक रोजगार क्षेत्रमा राजनितिक दलगत, जातिय, भेगीय तथा क्षेत्रीय गरि डेढ दर्जन संस्थाहरू क्रियाशील छन् । तर लामो समयदेखि जकडिएर रहेका समस्या समाधान लागि क्रियाशील ती संस्थाहरूबाट एकीकृत पहल हुनसकेको छैन । राजनीतिक दल निकट संस्थाका प्रतिनिधिहरू समस्याको समाधानका लागि भन्दै ध्यानाकर्षण पत्र लिएर पटकपटक प्रधानमन्त्री, मन्त्री, सचिव र विभागका महानिर्देशक समक्ष गइरहेका पनि देखिन्छन्। सबै संस्थाको उदेश्य व्यवसायमा सहजता र सरलीकरण ल्याउने नै देखिन्छ । तर व्यवहारमा समस्याको प्राथमिकीरकण तथा प्रश्तुतीकरणमा रहने स्वभावजन्य भिन्नताले मन्त्री, मन्त्रालय र विभागबाट हुनुपर्ने समस्याको समाधानमा सरलता भन्दा जटिलता र कतिपय अवस्थामा दुविधा र राजनीति प्रकतिको सांगठनिक दाउपेच थपिएको धेरैको अनुभव छ । वैदेशिक रोजगार व्यवसायीका संस्थाहरूमा भएको अति राजनीतिकरणले शुरूमा संस्थाले जस लिने र अन्ततः त्यो जसको दावी संस्था वा संगठन भित्रको अमुक व्यक्ति वा व्यक्तिहरूको समुहले मात्र कब्जा गर्ने प्रवृतिले वैदेशिक रोजगार क्षेत्रका संस्थाहरूमा अति राजनीतिकरणको ऐजेरू पलाउन थालेको छ । वैदेशिक रोजगार व्यवसायीहरूको संस्थाको संख्यामा बृद्धि भएपनि उनीहरूले पार्ने सकारात्मक प्रभाव खस्किएको छ। त्यसबाट उत्पन्न नकारात्मक प्रभावको प्रतिरोध छाता संस्थाको हैसियतमा क्रियाशील नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा परेको छ।

यसपटक संघको २९ औ साधारणसभा अगाडि संघको आगामी नेतृत्व सहमतिमा चयन गरेर देखिएका खराबीहरूलाई चिर्दै संघ नेतृत्वलाई बलियो बनाउने पहल भयो । तर पछि जुट्नै थालेको सहमति पनि भत्कियो । देशभर फैलिएको ओमिक्रोनको भेरियन्टका कारण साधारणसभा र निर्वाचन दुवै रोकिए । निर्वाचन समिति भंग भयो । निर्वाचन समिति भग भएपछि सहमति अनुसार निर्विरोध भएका पदहरू पनि अर्थहीन भए । हाल देशभर फैलिएको ओमिक्रोनको भेरियन्टको असर ओरालो लाग्दै गएको छ । स्थिति सामान्य भएपछि हुने साधारणसभा र निर्वाचनमा यसअघिको सहमति अनुसार नेतृत्व चयन होला कि नहोला भन्न सकिने अवस्था छैनन्। सहमतीय नेतृत्वले मात्र संघ बलियो हुने र वैदेशिक रोजगारका क्षेत्रमा लामो समयदेखि रहेका माथि उल्लेखित समस्याहरूले समाधान पाउनेमा धेरै व्यबसायी विश्वस्त छन् । संघको निर्वाचनमा सहमति नभई स्वार्थी राजनीति हावी भएमा साधारणसभा र आगामी निर्वाचन औपचारिक मात्र बन्नेछन् । संघ निष्प्रभावी हुने खतरा बढ्ने छ ।



> **"** नेपालबाट युवायुवतीहरू रोजगारीका लागि ठूलो संख्यामा विदेशिन थालेपछि वैदेशिक रोजगारले मुलुकको दीर्घकालीन हित गर्छ, गर्दैन भन्ने सवालमा दुई कित्तामा बहश भइरहेको छ ।






## शिक्षाको संकट



■ बाबुकाजी कार्की

# शिक्षित बेरोजगारको कारखाना

मानवजीवनको चौतर्फी विकासका लागि जीवनोपयोगी शिक्षा अपरिहार्य हुन्छ । शिक्षाको प्रमुख उद्देश्य व्यक्तिको अन्तरनिहीत प्रतिभा प्रस्फुटन गराएर उत्कृष्टता हासिल गर्नेतर्फ उन्मुख गराउनु हो ।

**६ राष्ट्रिय योजना आयोगको १५औं योजनाको आधारपत्रमा औपचारिक क्षेत्रको रोजगारी हिस्सा ५०.० प्रतिशत पुऱ्याउने र बेरोजगारीदर ६.० प्रतिशतमा झार्ने लक्ष्य राखेको छ ।**

राष्ट्रिय युवा परिषद्ले परिभाषित गरेअनुसार, १६ देखि ४० वर्ष उमेर समूहका युवाहरु नेपालको कूल जनसंख्याको ४०.३५ प्रतिशत रहेको छ । उत्साही दक्ष युवा जनशक्तिको सक्रिय सहभागिता विना 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा सार्थक हुन सक्दैन । रोजगारी र शिक्षाबीच हुने अन्योन्याश्रित सम्बन्ध आत्मसात गर्दै राष्ट्रिय युवा परिषद्ले रोजगारमूलक शिक्षा प्रबर्द्धनका लागि विभिन्न नीति तथा रणनीति प्राथमिकताकासाथ अघि सारेको छ ।

उच्च माधयमिक तहसम्म शिक्षालाई निशुल्क, नेपालको भौगोलिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक सम्पदाको उच्चतम सदुपयोग र संरक्षणमा टेवा पुऱ्याउने कर्मठ र उद्यमशील स्वाभिमानी युवाजनशक्ति उत्पादन गर्ने नीति परिषद्ले लिएको देखिन्छ । समयानुकुल रोजगारमूलक उद्यमशील शिक्षाको अभावका कारण लाखौं ऊर्जाशील युवा जनशक्ति दिशहीन भएर बरालिएको, आफ्नो भविष्य स्वदेशमा नदेखेर विदेश जान भौंतारिएको, विदेश मोहले गाँऊ वस्तीमा मलामी र जन्ती जाने तन्नेरीको अभाव तथा श्रमिक अभावले कृषियोग्य जमिन बञ्जर बनेको छ । लाखौं संख्यामा विदेशिएका युवा जनशक्ति स्वदेशमै थेग्न युवा परिषद्ले विविध कार्यक्रम सञ्चालन गर्दै आएको जगजाहेर नै छ ।

बढ्दो बेरोजगारी समस्या सम्बोधन गर्दै देश विकासमा युवा जनशक्तिको अधिकतम उपयोग गर्न परिषद्ले अघि सारेको युथ भिजन-२०२५ तथा दश वर्षे रणनीतिक योजना र राष्ट्रिय युवा नीति-२०७२ को सफलता सरोकार पक्षसँगको सद्भाव, सहयोग, सहकार्य, समन्वय, स्वामित्व र समीक्षा (७ स) मा भरपर्ने हेक्का राख्न बिर्सनु हुन्न । रोजगार सिर्जना र युवा सशक्तिकरणका लागि संघीय संरचना अनुसारका तीनै तहका सरकार र युवा परिषद्बीच सुमधुर सम्बन्ध र सहकार्य अपरिहार्य रहन्छ । दक्ष युवा जनशक्ति तयार गर्न मानव जीवन र शैक्षिक यात्राको प्रस्थानविन्दु मानिएको विद्यालय शिक्षाको चर्चा गर्ने प्रयाश समेत गरिएको छ ।

### ■ रोजगारप्रतिको धारणा

रोजगारीको लागि नेपालीहरुमा कस्तुरीले आफुमा भएको सुगन्धित बिनाको ज्ञान नभएर कहाँबाट बास्ना आयो भन्दै भौतारिंएर हिडेजस्तै मृगतृष्णामा रुमलिने नियति छ । आफ्नै देशमा उपलब्ध पेसा अंगाल्न हिच्किचाउँदै हजारौं, लाखौं रुपैयाँ खर्च गरेर खाडी मुलुकको प्रचण्ड गर्मीमा जोखिमपूर्ण वातावरणमा तरकारी, फलफुलखेती, भेडा चराउने, गधा जोत्ने जस्ता कृषिजन्य काम गर्न तँछाड मछाडका साथ पुगेका छन् । अर्कोतर्फ छिमेकी देशबाट रोजगारीका लागि नेपाल आएर फलफूल तरकारी र अन्य सामान बेच्न शहर बजारमा मात्र नभएर विकट गाउँहरुमा पनि छ्यापछ्याप्ति पुगेको पाइन्छ । तर गर्वकासाथ त्यही काम स्वदेशमा नेपालीले किन गर्दैनन ? त्यो भन्दा तल्लोस्तरको कामगर्न मुङ्लाननै पस्नु पर्ने किन ? यस्तो नकारात्मक मनोवैज्ञानिकतालाई कसरी परिवर्तन गर्न सकिएला ? आफ्नो देशमा रोजगारी नपाएमा चारैतीर अभावै अभाव्बाट छटपटीई निराश भई विरक्तिएर विदेशिएका नेपाली झन कष्टकर र अमानविय व्यवहार सहन बाध्य भएर विचल्लीमा परेको समाचार छापामा बग्रेल्ती पाइन्छ । यसरी तावाबाट उम्केको माछा भुङ्ग्रोमा परेर तड्पिएको चरितार्थ त्यहाँ पाइन्छ ।



त्यही पेसा स्वदेशमा गर्दा र विदेशमा गर्दा समाजको र व्यक्तिको हेराइमा फरक हुनाको कारण के हो ? हाम्रो शिक्षाले विदेशिने जनशक्तिलाई स्वदेशमा नै प्रयोग गर्न के गर्नु पर्ला ? आदी प्रश्नहरुको विश्लेषणात्मक अध्ययन अनुसन्धान गरी सार्थक निष्कर्षमा पुग्न विलम्ब गर्नु हुदैन ।

### ■ वर्तमान अवस्था

नेपालको संविधानको धारा ३३ र ३४ ले प्रत्येक नागरिकको रोजगारी र श्रमको हक सुनिश्चित गरेको छ । राष्ट्रिय युवा परिषद्ले युवाहरुको समग्र विकास र विस्तारका लागि दश वर्षे रणनीतिक योजना र कार्यक्रमका पाँच स्तम्भ तोकेको छ । यी स्तम्भहरुको सबल र सफल कार्यान्वयन गर्न सकेमा निश्चय नै युवाहरुको जीवनस्तर मात्रै परिवर्तन नगरेर देशको मुहार नै फेर्न अहम भूमिका खेल्नेमा दुईमत हुन सक्दैन् । केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको श्रमशक्ति सर्वेक्षण २०७४/७५अनुसार नेपालमा बेरोजगारीको दर ११.४ प्रतिशत (पुरुष १०.३ र महिलाको १३.३ प्रतिशत) छ । सर्वेक्षणले १५ वर्ष माथिको उमेरका जनसंख्या २ करोड ७ लाख ९४ हजार मध्ये ७० लाख ८६ हजार जनसंख्या रोजगारीको क्षेत्रमा संलग्न देखाएको छ । रोजगारीमा शहरी क्षेत्र ६९.२ र ग्रामीण क्षेत्रमा ३०.८ छ । सर्वेक्षणअनुसार ३७.८ प्रतिशत औपचारिक र ६२.२ प्रतिशत आनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलापमा रहेको पाइन्छ । आंपचारिक क्षेत्रको रोजगारीको हिस्सा १५.४ र अनौपचारिकको ८४.६ प्रतिशत रहेको छ । आर्थिक बृद्धिका लागि श्रमशक्ति खपत हुने गरी रोजगार सिर्जना हुन सकेको छैन् । राष्ट्रिय योजना आयोगको १५औं योजनाको आधारपत्रमा औपचारिक क्षेत्रको रोजगारी हिस्सा ५०.० प्रतिशत पुऱ्याउने र बेरोजगारीदर ६.० प्रतिशतमा झार्ने लक्ष्य राखेको छ ।

पछिल्लो समय शिक्षित बेरोजगारी संख्या भयावह बनेको छ । शिक्षाले सीपमूलक र उद्यमशलिता भन्दा पनि ज्ञानमूलक र सैद्धान्तिक बढी जोड दिइयो । शिक्षण संस्थाहरु बेरोजगार उत्पादन गर्ने कारखानाका रुपमा परिभाषित हुदै जानु विकासको लागि राम्रो संकेत होइन ।

सरकारले श्रम र रोजगारलाई प्रवर्द्धन गर्न आर्थिक वर्ष २०७६/७७को बजेटले प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् रोजगार सेवा केन्द्रहरु मार्फत् बेरोजगारलाई विकास निर्माण काममा लगाउने नीति लिएको छ । बेरोजगार लक्षित सीप विकास र उद्यमशीलता प्रवर्द्धन गर्न स्थानीय तहसँगको सहकार्यमा तालिमको व्यवस्थाले मौजुदा अवस्था सुध्रिने अपेक्षा गरिएको छ । साथै युवाको जाँगर समृद्धिको आधार सार्थक बनाउन आगामी आर्थिक वर्ष युवा परिचालन वर्षको मनाउने अठोट गरी विभिन्न निकाय मार्फत युवा परिचालन गरिने नीति लिएको छ । राष्टिय युवा परिषद् र युवा स्वरोजगार कोषको संरचना परिवर्तन गरी युवाहरुलाई व्यवसायी नेतृत्व लिने गरी क्षमता अभिबृद्धि गर्ने लगायतका संकल्प बजेटमा समावेश गरिएको छ । सरकारको नीति तथा कार्यक्रमको सफलता असफलता कार्यान्वयवनमा संलग्नजनशक्तिको इमान्दारिता र कार्यदक्षतामा भर पर्ने वास्तविकता हो ।

### ■ युवा र व्यावसायिक शिक्षा

युथभिजन-२०२५ ले आत्मसात गरेको युवा विकासका पाँच आधार स्तम्भ मध्ये गुणस्तरीय व्यावसायिक शिक्षा पहिलो र प्रमुख मानिएको छ । खासगरी युवाहरुको योग्यता क्षमता र राज्यको आवश्यकतालाई मध्यनजर

– बाँकी पृष्ठ ज मा

यात्रा २० औं वर्षको १९ औं वार्षिकोत्सव
मध्यान्ह
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
बाबुलाल मगर (नरेन्द्र)
कार्यसमिति सदस्य
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
द ग्लोबल रिक्रुटमेण्ट एजेन्सी प्रा.लि.
परिवार
बसुन्धारा -१०, टोखा काठमाडौं, नेपाल, फोन: ०१-४३६५२६४

हार्दिक बधाई तथा शुभकामना
यात्रा २० औं वर्षको १९ औं वार्षिकोत्सव
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
रघु पुरी
अध्यक्ष, तथा
दि रिभर ओभरसिज प्रा. लि.
परिवार
बतिसपुतली (होटल द्वारिकाजको पछाडी, गौशाला, काठमाडौं, फोन: ४४६२४३१


## कतार कहानी

• प्रो. मोहम्मद रमजान अली मिया



# नेपाल र नेपालीको हितैषी कतार

**आधुनिक कतारको निर्माणमा लांखौं नेपाली श्रमिकले योगदान पुऱ्याएका छन् । करिव तीन लाख नेपालको दोश्रो घर बनेको छ, कतार । यहाँ लाखों नेपाली श्रम मात्र गर्दैनन्, हजारौं नेपालीले ब्यापार ब्यबसाय पनि गरेका छन् ।**



नेपाल र कतारबाट दौत्य संवन्ध स्थापित भएको ४५ बर्ष पुरा भएको छ । यी दुई मुलुकबीच २१ जनवरी १९७७ देखि कूटनीतिक सम्बन्ध कायम भएको हो । कुटनीकिक सम्वन्ध कायम भएको झण्डै २७ बर्ष पछि मात्र सन् २००४ मा कतारमा नेपाली दूतावास स्थापना भएको हो भने त्यसको झन्डै ८ वर्षपछि ११ जुलाई २०११ बाट नेपालमा कतारले दूतावास स्थापना गरेको थियो । त्यस यता कतार नेपालको असल मित्र देशकोरुपमा परिचित हुँदै आएको छ ।

कतारको इतिहासका पानाहरु पल्टाएर हेर्ने हो भने त्यहाँको प्रमुख आयस्रोत माछा मार्नु र समुद्रमा मोती खोज्नु थियो । सन् १९२० मा जापानी मोतीको बजार फस्टाए पछि यहाँको मोतीको व्यापार ध्वस्त नै भयो। त्यसपछि यहाँ गरिबी, कुपोषण र विभिन्न प्रकारका रोगहरु फैलिएका थिए । गरिबीको चपेटामा परेको मुलुक कतारले सन् १९३९ मा दुख्खान भन्ने स्थानमा पेट्रोलको कुवा पत्ता लगायो । तर दोस्रो विश्वयुद्धका कारण कतारले त्यो क्षेत्रबाट सन् १९४९ सम्म त्यति लाभ उठाउन सकेन । उक्त समयपछि ३० वर्षसम्म प्राकृतिक ग्यास पत्ता नलागुन्जेल कतारको महत्वपूर्ण आर्थिक आम्दानीको स्रोत नै कच्चा तेलको व्यापार बन्यो । पूर्व महाराज शेख खलीफा बिन हमदको शासनकालमा कतार नवयुगमा कदम राख्न सफल भयो । शेख खलीफाले देशलाई गतिदिन निकै मिहिनेत गर्नु भयो। यहाँ आप्रवासीहरुको आगमन पनि सोही समयमा भएको पाइन्छ। आप्रवासीका पिता मानिने शेख खलीफा निक्कै नरम स्वभावका दीर्घगामी सोच राख्ने शासक थिए।

कतार बिगत लामो समयदेखि नेपालीहरुको लागि मात्र नभइ बिश्वका अति विकसित देशका नागरिकहरुको निम्ति पनि रोजगारीको लागि आकर्षित गन्तब्यको रुपमा रहिआएको छ।यहाँको सुरक्षा ब्यवस्था, प्रशासनिक नीति नियम, कानून तथा सरकारले बिकासको निम्ति अवलम्बन गरेको दीर्घगामी रणनीतिलगायत अन्य परिवर्तनकारी बिषयहरुले पनि कतारलाई अन्य खाडी मुलुकको तुलनामा बिशिस्टतता प्रदान गरेको छ। हुन त कतारमा नेपालीहरुको प्रवेश सन् १९८६ को दशकतिर भए पनि बिधिवत रुपमा सन् २००५ मा नेपाल र कतारबीच श्रम सम्झौता पत्रमा हस्ताक्षर भए पछि मात्रै नेपालीहरुको उपस्थिति बाक्लिदै गएको पाइन्छ। नेपालीहरु साधारण श्रमिकदेखि उच्च पदसम्म कतारमा कार्यरत रहेका छन्। बिगतमा झैं हाल फेरि यहाँको सुरक्षा निकायमा पनि नेपालीहरुको प्रवेश शुरु भएको छ। जसले गर्दा नेपालीहरुले आफ्नो दक्षता, सीप र क्षमता देखाउने अवसर मिलेको छ ।कतार खाडी मुलुकहरुमा बिश्वकप फुटबल आयोजना गर्ने पहिलो मुलुकको रुपमा स्थापित हुँदैछ। जसका निम्ति कतारले तीव्रताका साथ भौतिक पूर्वाधार निर्माण सम्पन्न गरिरहेको छ। बिश्व खेल जगतलाई नै अचम्मित गर्ने अन्तर्राष्ट्रिय स्तरका वातावरण मैत्री रंगशालाहरुको निर्माण, आगन्तुक दर्शक तथा संचारकर्मी र पाहुनाहरुको निम्ति गरिएका चमत्कारी ब्यवस्था खेल इतिहास कै अर्को महत्त्वपूर्ण इतिहास हुन अ' ाकलन गरिएको छ । कतारी बर्तमान अमीर शेख तमीम बिन हमद अल थानीको गजबको इच्छाशक्ति र दृढताले कतारलाई छोटो समयमा सफलताको शिखरमा पुर्याएको तथ्यलाई विश्व जगतले बडो चासोकोरुपमा हेरिरहेको छ। यति मात्र होइन कतारले अवलम्बन गरेको भिजन २०३० ले कतार ५ क्षेत्रहरूको चमत्कारी बिकास संगसंगै युगान्तकारी परिवर्तनसहित अर्को युगमा प्रवेश गर्नेछ। कतारले जहाँ आफ्नो दिगो बिकास र देश निर्माणलाई प्राथमिकता दिएको छ सोही समयमा बिश्वका प्रायः सबै देशहरूसंगको पारस्परिक कुटनैतिक सम्बन्ध र आपसी हितका बिषयहरुलाइ छलफलमा ल्याइ मजबुत नाता स्थापित गर्न सक्षम भएको छ।संयुक्त राज्य अमेरिका, बेलायत, टर्की, रुस, फ्रान्स, जर्मनी, मलेसिया र युरोपका अन्य कतिपय मुलुकसंगको निकटता तथा सहकार्यले कतारलाई बिश्व जगतकै हितैषी मित्र बनाइदिएको छ। समय समयमा बिश्व जगतलाई आइपर्ने विभिन्न किसिमका जटिलता, समस्या, महामारी तथा प्रकोपलगायत आपसी द्वन्द्व र मतमतान्तरमा पनि कतारको मध्यस्थता बडो अहम रहिआएको छ। चाहे त्यो अफगानिस्तानमा शान्ति स्थापनाको लागि अफगान तालिबान र संयुक्त राज्य अमेरिकाबीचको मध्यस्थता होस वा लेवनान र सुडानका बिवादहरु नै किन नहुन्, कतारको भुमिकालाई ईतिहासले सधैं स्मरण गरिरहने छ। केही समय आफ्नै छिमेकी देशहरुले लगाएको कडा नाकाबन्दी र कुटनैतिक सम्बन्ध बिच्छेदलाई कतारले बडो साहसका साथ डटेर सामना गर्यो । फलस्वरूप कतार आफुलाई धेरै बिषयमा आत्मनिर्भर बनाउन सक्षम भयो ।

> सुरक्षा ब्यवस्था, प्रशासनिक नीति नियम, कानून तथा सरकारले बिकासको निम्ति अवलम्बन गरेको दीर्घगामी रणनीति लगायत अन्य परिवर्तनकारी बिषयहरुले पनि कतारलाई अन्य खाडी मुलुकको तुलनामा बिशिस्टतता प्रदान गरेको छ ।

कतारका संस्थापक मानिने एवं कतार एकीकरणका नेता शेख जासीम बिन मोहम्मद अल थानी (१८२५-१९१३) बाट नै राज्य संचालनमा कतारका शासकहरुमा साझा धारणा कायम रहिआएको कुरा इतिहासले बताउँछ।त्यो भनेको आधुनिकतालाई अंगाल्नु पर्छ, आफ्ना पुर्खाको इतिहासलाई आत्मसात गर्दै आधुनिक सोचको बन्नु पर्छ

– बाँकी पृष्ठ ज मा









**भोग्यौं....**

सरकार छ । एमालेबाट अलग भएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वमा एकीकृत समाजवादी बनेको छ । एकीकृत समाजवादी संसदमा अस्तित्वमा आएकै कारण एमालेले संघीय संसद् चल्न दिएको छैन ।

गठबन्धन सरकारसँग प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले मन्त्री भागबण्डामा लिएपछि न्यायलय संकटमा देखिएको छ । गएको कात्तिक पहिलो सातादेखि प्रधानन्यायाधीश जबराको राजीनामा माग सहित सर्वोच्च अदालतका न्यायाधीशहरु र कानून व्यवसायीहरुको छाता संस्था नेपाल बार एशोसिएशन आन्दोलित छ । न्यायाधीश र बारको आन्दोलनकै कारण जबराले काम गर्न सकेका छैनन् । प्रधानन्यायाधीश जबराले दलहरुको आडभरोसा पाएकै कारण न्यायालय संकटमा देखिदा पनि राजीनामा नदिने अडानमा छन् ।

राजनैतिक नेतृत्वको अकर्मण्यताकै कारण राष्ट्रपति जस्तो संस्था विवादित बन्दै गएको छ । प्रतिनिधिसभा विघटनको निर्णयमा ओलीलाई आँखा चिम्लेर साथ दिएका राष्ट्रपति भण्डारीले स्थानीय चुनाव संविधान बमोजिम गराउन आग्रह गर्दा समेत शंकाको दृष्टिले हेर्ने अवस्था सिर्जना भएको छ । राष्ट्रपति भण्डारीले एमालेलाई साथ दिएको गठबन्धन दलहरुको आरोप छ ।

**अरू क्षेत्र उस्तै**

कोरोना संक्रमणले मानव संस्कृतिमै बदलाव आइरहँदा राज्यका अन्य निकाय समेत प्रभावित बन्न पुगेको छ । पहिलो लहरको संक्रमण आइरहँदा नागरिकको जीवनरक्षामा प्रभावकारी काम गरेको प्रदेश र स्थानीय सरकार यसपटक तुलनात्मक निष्प्रभावी देखियो । बितेको आठ/नौ महिनासम्म प्रदेश सरकार परिवर्तनकै समय खर्चिएको छ । सातै प्रदेशमा बनेको गठबन्धन सरकारले अझै पूर्णता पाउन सकेको छैन ।

जबकी, कोरोना महामारीलाई मुलुक निर्माणका निम्ति संकल्प गर्ने अवसरका रुपमा उपयोग गर्न सकिन्थ्यो । महाप्रकोपलाई मुलुक निर्माणको अवसर समेत मान्ने गरिन्छ । तर हाम्रो सरकार, राजनीतिक दल, संवैधानिक निकाय देखि निजी संस्थाहरूमा समेत जवाफदेहिता देखिएन । महामारीबाट नागरिकको जीवन रक्षा गर्ने दायित्व बिर्सेर निजी क्षेत्र अनुचित नाफाको लालचमा देखिए । लगातार सार्वजनिक भइरहेको अनियमितता र भ्रष्टाचारका घटनाले त्यही प्रमाणित गर्छ । धन्न, ओमिक्रोनले अहिलेसम्म ठूलो संकट निम्त्याउन सकेको छैन । एकैपटक उपचारत संक्रमित संख्या झण्डै लाख नजिक पुग्दा पनि गम्भीर बिरामीको संख्या तुलनात्मक कम थियो ।

तर ओमिक्रोन देखिन थालेको महिना दिनमा ठूलो संख्यामा नागरिकले जीवन गुमाएका छन् । संक्रमणबाट मृत्यु हुनेको संख्या ११ हजार ७४३ पुगेको छ । संक्रमितको संख्या एघार लाख नाघेको छ । यो त तथ्यमा देखिने असर हुन् । मनोवैज्ञानिक असरबारे कुनै अनुसन्धान हुन सकेको छैन । आर्थिक क्षेत्रले ठूलो नोक्सानी बेहोर्नु परेको छ । शैक्षिक सत्र त्यसै खेर गइरहँदा बालबालिका अन्योलग्रस्त छन् । सांस्कृतिक असर र त्यसको परिणाम मुलुकले लामो समय खेप्नुपर्नेछ । तर महामारीबाट नागरिकको जीवनरक्षा गर्न आवश्यक संरचना निर्माण र समाजलाई सामान्यकालमा फर्काउने ठोस् कार्यक्रम आउन सकेको छैन । यी सबैको निष्कर्ष हो- हामीले कोरोना महामारीको ठूलो असर खेप्यौं, तर सिक्नुपर्ने पाठ सिकेनौं अथवा सिक्न चाहनौं ।

## संकटमोचक...

लागि माधव नेपालको महत्वपूर्ण भूमिका रह्यो । यदि माधव नेपालले आफू जित्नुपर्छ भने गलत मनसाय राखेका हुन्थे भने देशमा आज लोकतन्त्र थप कुरुप बनेको हुन्थ्यो । थप अस्थिरताले प्रसय पाएको हुन्थ्यो । थप भ्रष्टाचार मौलाएको हुन्थ्यो ।

आफू पक्षका सांसदहरुलाई लिएर तत्कालिन समयको प्रतिपक्षि दल कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाए । देशको संविधान जोगाए, परिवर्तनलाई बचाए । ओरालोतिर लाग्दै गरेको लोकतन्त्रलाई उकालोतर्फ फर्काए । आज पनि विकसित राजनीति र विकसित भू–राजनीतिका बारे माधव नेपाल जत्तिकै चिन्तित अरु नेतामा देखिन्न । त्यसको पछिल्लो प्रमाणका रुपमा आगामी निर्वाचन बैशाखमै हुन्छ भने आफ्नो पार्टी तयार छ भनेर बोल्नु हो ।

नव गठित पार्टी छ । अनेक चुनौतीहरु छन् । संगठनहरु बन्दैछन् । जनताका बीचमा पार्टीले स्पेस लिदैछ । यस्तो बेलामा सम्भावित परिणामलाई ध्यानमा राखेर चुनाव सार्ने पक्षमा माधव नेपाल छन् भनेर देखाउन पनि खोजियो । केही मिडियाले पेलेर लेखे पनि । माधव नेपालले अघि सारेका दुईवटा कुराहरु, संविधानमा बाँझिएका कुराहरु संशोधन गर्ने, सकभर एकै समयमा निर्वाचन गर्ने। यि कुराहरु देशलाई सहि बाटोमा हिडाउनकै लागि अघि सारेका थिए। तर, बजारमा अनर्थ लगाइयो। चुनावबाट भाग्न खाजेको आरोपहरु लगाइयो । खासमा सत्य त्यसो होइन, देशमा भ्रष्टाचार नियन्त्रण गर्ने हो भने निर्वाचन एकै चरणमा हुनुपर्छ । आर्थिक भारलाई कम गर्ने हो भने निर्वाचन एकै समयमा हुनुपर्छ । संविधान र कानूनबीचको एकरुपता खाजौं, देशलाई आर्थिक भारबाट जोगाऔं भन्नु चुनावबाट भागेको हुन्छ ? लोकतन्त्रको अक्सिजनका रुपमा लिइने चुनावबाट कोही पनि भाग्न पाउँदैन । चुनावबाट भाग्नेलाई जनविरोधी भनिन्छन् ।

अन्त्यमा, नेपाली समाजलाई समाजवादको यात्रामा हिड्नका लागि आह्वान गरेर नेपालले समाजवादी क्रान्तिको जग बसालेका छन् । हरेक प्रकारका अन्तरविरोधहरुको हल गर्न खोजिरहेका छन् । नेपाली समाजलाई एक कदम अग्रगामी बाटोमा हिड्न अनुरोध गरिरहेका छन् । आगामी चुनावमा उनले नेतृत्व गरेको पार्टीले कत्रो आकार बनाउछ ? के गर्छ ? त्यसले खासै अर्थ राख्दैन । राजनीतिमा मुद्धा प्रमुख कुरा हो । सिद्धान्त मुख्य कुरा हो । सचेत मान्छेहरुको साथ प्रमुख कुरा हो । दीर्घकालीन लक्ष्य ठूलो कुरा हो । इमान्दारिता, त्याग, निष्ठा र विचार प्रमुख कुरा हो । जुन कुरामा माधव नेपाल सुविचारित र वैज्ञानिक ढंगले सोचिरहेका छन्/सोच्ने छन् । किन कि यतिखेर आफू हारेर पनि देशलाई जिताउने भूमिका माधव नेपाल छन् ।

(वास्तविक एकीकृत समाजवादीका प्रचार विभाग सदस्य हुन्)

## मैदानमा...

पनि प्रभावित भएका छन् । घरेलु प्रतियोगिताहरु स्थगित हुन थालेपछि यसले अन्तर्राष्ट्रि तालिकामा समेत असर गर्ने अनुमान गरिएको छ ।

केही समय अगाडि मात्र सम्पन्न भएको प्रधानमन्त्री राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितमा पनि कोभिड महामारीले केही असर गरेको थियो । खेलाडीमा संक्रमण भएको आशंकामा खेल नै स्थगित गर्नु परेको थियो । यस्तै खेलाडीहरुमा संक्रमण पुष्टि भएपछि अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिने तय भएका तालिकाहरु पनि प्रभावित हुने देखिएको छ । यस्तो अवस्थामा नेपाल क्रिकेट संघले समयमै सावधानी अपनाएर खेलाडीहरुलाई सुरक्षित राख्ने तर्फ ध्यान दिन जरुरी छ ।

यस्तै संक्रमणकै कारण फुटबल र क्रिकेटसँगै भलिबल, टेबलटेनिस, बक्सिङ, करातेलगायतका खेलहरु पनि स्थगित भइरहेका छन् । तर यस विषयमा सम्बन्धित निकायले ध्यान नै दिएका छैनन् । सुरक्षितरुपमा खेलकुद गतिविधि सञ्चालन गरेर खेल क्षेत्रलाई उकास्नुपर्ने दायित्वका साथै कोरोना संक्रमणको जोखिमबाट जोगिनुपर्ने बाध्यताले पनि केही असहज परिस्थिति सिर्जना भएको छ ।

**सन्दीपलाई असर**

कोरोना संक्रमणकै कारण विदेशी फ्रेन्चाइज क्रिकेट प्रतियोगिता खेल्ने नेपाली राष्ट्रिय टिमका कप्तान सन्दीप लामिछानेले पनि प्रतियोगिता गुमाउन पुगे । संक्रमणकै कारण भिसा ढिला आएको र क्वारेन्टिन नियमका कारण उनले 'भाइटालिटी टी-२० ब्लास्ट'गुमाएका थिए । अन्तर्राष्ट्रिय जगतमा क्रिकेटबाट नेपालको नाम चिनाइरहेका सन्दीपले खेल्न नपाउँदा नेपाली क्रिकेट क्षेत्रलाई असर गर्‍यो । साथै सन्दीपकै करियरलाई पनि केही प्रभाव पार्‍यो ।

खेल क्षेत्रको विकासका लागि प्रमुख सूत्र भनेकै खेलाडीहरुको स्तर विकास हो । खेलाडीहरुको स्तर विकासका लागि घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगिता जति बढी भयो त्यति नै फाइदा पुग्छ । तर संक्रमणका कारण पर्याप्त मात्रामा खेलहरु खेल्न नपाएपछि खेलाडीहरुको स्तर विकासमा धक्का लाग्छ र यसले समग्र खेल क्षेत्रको विकासमा नै बाधा पुर्‍याउँछ । साथै संक्रमणको त्रासका कारण खेलाडीहरुको मानसिक स्वास्थ्यमा नै असर पर्ने जोखिमले पनि समग्र खेल क्षेत्रलाई नै प्रभाव पार्ने सम्भावना हुन्छ ।

हुन त विश्व परिवेश नै अहिले एउटै छ । नेपालमा मात्र होइन विश्वका हरेक देशमा खेलकुदका गतिविधि र कोरोना महामारीले पुर्‍याएको असर उस्तै छ । तर सम्पन्न राष्ट्रहरुमा पर्याप्तमात्रामा स्रोत साधन हुँदा खेल क्षेत्रलाई लयमा फर्काउन केही सहज देखिन्छ भने नेपालमा स्रो साधनको अभावका साथै फितलो व्यवस्थापनका कारण खेल क्षेत्रलाई महामारीको बीच टाउको उठाउन केही मुस्किल पर्ने देखिन्छ ।

## शिक्षित....

राखी विश्व श्रमबजारमा खरो प्रतिष्पर्धी युवाजनशक्ति उत्पादन गर्ने लक्ष्यसहितको व्यावसायिक शिक्षा प्रदान गर्ने नीति युथ भिजनको देखिन्छ । व्यावसायिक शिक्षाल गायत आधारस्तम्भ सशक्त कार्यान्वयनका लागि सरोकार राख्ने सरकारी गैरसरकारी निकायबीच सहकार्यको महत्व उत्तिकै रहन्छ । युथ भिजनका ५ आधारभूत स्तम्भमा समावेश कार्यक्रमहरु अन्य मन्त्रालय र सरकारी गैरसरकारी निकायले पनि सञ्चालन गर्ने नीति लिएको पाइन्छ । गुणस्तरीय व्यावसायिक शिक्षाको लक्ष्य प्राप्तिका लागि शिक्षा मन्त्रालय र मातहतका निकायसँगको सहकार्यको अपरिहार्यतालाई नकार्न सकिन्न । व्यावसायिक शिक्षा प्रदान गरेर दक्ष युवा जनशक्ति उत्पादन गर्ने लक्ष्य सुगमतापूर्वक हासिल गर्न शिक्षाको जगको रुपमा रहेको विद्यालय तहको शिक्षा व्यवहारिक र गुणस्तरीय हुनु पर्दछ ।

**विद्यालय शिक्षाको अवस्था**

स्वरोजगार बन्ने बनाउने शिक्षा नीतिको अभाव खट्किएको देखिन्छ । आजको एकाइसौं शताब्दीमा विज्ञान र प्रबिधिमा भएका नयाँ नयाँ आविष्कारले मानिसको जीवनशैलीलाई दिनदिनै परिमार्जन र परिष्कृत गर्दै लगेको छ । तर, हाम्रा शिक्षण संस्थाहरुमा बर्षौं अगाडि बनाइएका पाठ्यक्रम पाठ्यपुस्तकका विषयवस्तुको पठनपाठन हुन्छन । यस्ता बासी विषयवस्तु र परम्परागत शिक्षण विधिबाट प्रतिष्पर्धी नागरिक उत्पादनको कल्पना गर्न सकिन्न । उच्च प्राप्तांकलाई मात्र गुणस्तर देख्ने सामाजिक संस्कार तथा भौतिक उपलब्धिलाई मात्र प्राथमिकता दिईने प्रगतिशील शिक्षा भन्दा श्रमप्रति सम्मानपूर्वक व्यवहार गर्दै परिश्रमको मूल्य र मान्यतालाई मर्यादित बनाउनेतर्फ प्रयास गर्ने खालको शिक्षा आजको खाँचो हो । जसले श्रमको मर्यादा राख्दै भेदभावरहित भावना र व्यवहार भएको संस्कारयुक्त तथा कुनै कुरा सिकेपछि त्यसको आधारमा अन्य कुराहरु रचना र सिर्जना गर्दै परिवर्तित विश्व श्रमबजारमा खरो प्रतिष्पर्धा गर्नसक्ने सभ्य, सुशील तथा स्वाभिमानी देशभक्त पौरखी नागरिक उत्पादन गर्ने शिक्षा आजको आवश्यकता हो ।

संस्कृति र प्रकृतिलाई संरक्षण एवं परिमार्जन र परिष्कृत गर्दै सम्बृद्ध समाज र देश बनाउने शिक्षा नीति र नियत गुणस्तरीय शिक्षा लक्षित हुनु पर्दछ । शिक्षण संस्थामा साधानस्रोत जुटाउन राज्यले धक फुकाएर लगानी गर्न हिच्किचाउन हुदैन् । अनि अनुशासित र लगनशील विद्यार्थी, सचेत अभिभावक, समर्पित शिक्षक, कुशल नेतृत्व, चुस्त व्यवस्थापन, भविष्यदर्शी शैक्षिक योजना समसामयिक पाठ्यक्रम, जागरुक समुदाय गुणस्तरीय शिक्षाका लागि न्यूनतम शर्त हुन् ।

शिक्षालाई गुणस्तरीय जनमुखी, प्रगतिशिल जीवनोपयोगी आदी विशेषणबाट सम्बोधन गरिएको पाइन्छ । गुणस्तरीय शिक्षाको विकास र विस्तारमा राजनीति साधाक नभई बाधक भएको गुनासा र आरोपहरु वास्तविकताको नजिक छन् । गुणस्तर व्यावहारिक ज्ञानामा आएको परिवर्तन भन्दा पनि प्राप्ताङ्कको आधारमा निर्क्योल गर्ने प्रचलन प्रशस्तै छ ।

जसको कारणबाट आमा बुबाको अर्थ नबुझ्ने तर डयाड ममको संस्कारमा हुर्कने, दुध कहाँबाट आँउछ भन्दा डेरीबाट भन्ने गाई भैंसीको जानकारी नराख्ने कृषिमा हलो, फाली, करुवा दाँते आदीको बारेमा जानकारी नहुने सैद्धान्तिक ज्ञान मात्र भएको तर अल्प व्यवहारिक ज्ञान भएका नागरिक भन्दा आफ्नो परिवेशलाई समेत साक्षत्कार गरेर सिक्ने खालको शिक्षा नीतिको अवलम्वन गरिनु पर्दछ । शिक्षाले व्यवहारमा परिवर्तन ल्याउनुपर्दछ । माछा मारेर खुवाउने भन्दा पनि माछा मार्न सिकाउने खालको जाँगरिलो पौरखी शिक्षा हुनुपर्दछ ।

दैनिक जीवनमा प्रयोग गर्ने विषय र विधि सिकाउने खालको भविष्यदर्शी शिक्षा हुनुपर्दछ । कुनै व्यक्तिको प्रमाणपत्रको प्राप्ताङ्क भन्दा पनि उसले देखाउने बानीबेहोरा, चालचलन, चरित्रका आधारमा गुणस्तरीय शिक्षा परिभाषित गरिनु न्यायोचित हुन्छ । पेपर पेन्सील परीक्षाको आधारमा मात्रै विद्यार्थीको उपलब्धीस्तर प्रस्तुति गरिने परम्परालाई निरुत्साहित गर्दै शिक्षाको मूल मर्म अनुसार, व्यवहारमा सकारात्मक परिवर्तनको आधारमा मूल्यांकन गर्ने उपायहरु खोजिनु पर्दछ ।

उच्च अंक प्राप्त गर्नेले त्यसको औचित्य पुष्टि गर्न व्यवहारमा उतार्न सक्नुपर्दछ । हाम्रो मूल्यांकन पद्दति कसरी विश्वसनीय र बस्तुनिष्ठ बनाउन सकिन्छ भन्ने चिन्ता र चिन्तन गर्नुपर्ने देखिन्छ । किनकी एकसय पूर्णाङ्कमा सरदर ३२ प्रतिशत मात्रै विषयवस्तु जानेमा उत्तीर्ण हुने पद्दतिलाई पुर्नवालोकन गरिनुपर्दछ । त्यसप्रकारको परीक्षाबाट पनि सरदर ५२ प्रतिशत अंक मात्रै विद्यार्थीले प्राप्त गरेको अध्ययन अनुसन्धानले पुष्टि गरेको छ । कतिपय विषयमा पूर्णाङ्क प्राप्त गर्नु आठौं आश्चर्य भएको छ ।

अर्कोतर्फ विशिष्ट श्रेणीमा उतीर्ण भएकाहरु जसलाई उच्च गुणस्तर भनिन्छ, उनिहरुको व्यवहार अपेक्षाकृत सकारात्मक भएको देखिन्न । सिर्जनशील, लगनशील, प्रतिस्पर्धी, उत्साही, ऊर्जाशील नागरिक बनाउने खालको व्यवहारिक पौरिख गरिखाने शिक्षा आजको आवश्यकता हो । शिक्षाले श्रमप्रति सम्मान जगाउने धारणाको विकास गराउनु पर्दछ ।

पौरखी नागरिक बनाउन वर्तमान शैक्षिक पद्दतिलाई विद्यार्थी केन्द्रित गरिनुपर्दछ । विद्यालयको वातावरण विद्यार्थीको जीवनपद्दति र अनुभवलाई सम्बोधन गर्ने खालको हुनुपर्दछ । पौरखी नागरिक बन्ने अभ्यास विद्यालयमा आयोजना गरिने क्रियाकलापमा विद्यार्थीको अधिकतम संलग्नतामा सम्पन्न गर्ने नीतिलाई प्राथमिकता दिइनु पर्दछ । साथै उनीहरुको पारिवारिक, आर्थिक, सामाजिक सांस्कृतिक मूल्यमान्यता संस्कार एवं भावना आदीलाई मध्यनजर राखेर शैक्षिक नीति तर्जुमा गरिनु पर्दछ । राज्यले तोकेको पाठयक्रमको अतिरिक्त तिव्र गतिमा परिवर्तन आएको विज्ञान र प्रबिधिलाई कक्षा कोठामा प्रवेश परिवेश सिर्जना गरिनु पर्दछ ।

शिक्षण अन्य पेसा भन्दा मर्यादित छ । शिक्षकको चरित्रलाई अन्य पेसाहरु भन्दा उच्च र निस्कलंक हुन्छ भन्ने आदर्श दृष्टिकोण पौराणिककालदेखि नै आएको छ । गुरुलाई ब्रह्मा, बिष्णु, महेश्वरसँग गर्दै आएको जगजाहेर छ । तर, अहिले कतिपय शिक्षकको कार्यशैली र चरित्रको कारणबाट शिक्षक प्रतिको सम्मान धमिलन थालेको छ । जवाफदेहीता र जिम्मेवारीको सवालमा पनि शिक्षण पेसा अन्य पेसा भन्दा महत्वपूर्ण नै छ । किनकी एकजना डाक्टरले गल्ती गरेमा एक दुई जनाको ज्यान जान सक्छ । एकजना इन्जिनियरले गल्ती गरेमा घर, बाटो, पूल आदी भौतिक संरचना भत्केर केही व्यक्तिको जीऊधन जोखिममा पर्न सक्छ । तर यदि एक जना शिक्षकले पेसागत धर्मबाट विचलित भएर गलत शिक्षा दिएमा एक पुस्ताको मात्रै नभएर देश कै भविष्य डामाडोल हुन्छ । यी माथि उल्लेखित पेसा लगायत सबै पेसाको जननी शिक्षण पेसा नै हो ।

त्यसकारण शिक्षण पेसालाई मर्यादित र आदर्श बनाउन सरोकार सबैले कुनै कसर बाँकी राख्नु हुन्न । शिक्षकले मर्यादा र गरिमा मागेर हैन व्यवहारबाट आर्जन गर्नुपर्छ ।

विद्यालयको वातावरण विद्यार्थीको वैयक्तिक एवं पारिवारिक विभिन्नतालाई उच्च मूल्यांकन गरेर सोही अनुसार, अधिकतम सम्बोधन गर्ने खालको बालमैत्री हुनुपर्दछ । कक्षाकोठा विद्यालय परिसर स्वस्थ स्वच्छ एवं चित्ताकर्षक हुनु पर्दछ । अतः शिक्षकले सर्वप्रथम बालबालिकाको पृष्ठभूमिलाई पढनुपर्छ ।

अनि मात्र त्यसलाई संवोधनगर्ने गरी शिक्षणका विषयवस्तु र विधिको छनौट गरिनुपर्दछ । अभिभावकले अंगालेको पेसालाई सम्मानपुर्वक कक्षा शिक्षणमा प्रवेश गराई छलफल गराउनु फलदायी हुन्छ । विद्यार्थीलाइ सामाजिक, सांस्कृतिक कार्यक्रमको तर्जूमा र सम्पन्न गर्न जिम्मेवारीपुर्वक सक्रिय सहभागि गराउने परिस्थिती बनाउनु पर्दछ । विद्यार्थीले सामान्यतया ६ घण्टा मात्रै विद्यालय र बाँकी १८ घण्टा घरपरिवार र समुदायमा बिताउँछन् । तसर्थ घरपरिवार र समुदाय प्रति जिम्मेवार र जवाफदेहीपूर्वक व्यवहार गर्ने ल्याकतको विकास उनीहरुमा गरिनुपर्दछ ।

विद्यालयले घरपरिवारमा पनि सहज शैक्षिक वातावरण बनाउन विद्यार्थीको पठनपाठन बारे अभिभावकासँग निरन्तर सम्पर्क राख्ने नीति लिइनु पर्दछ । पारिवारिक वातावरण पनि बालबालिकाको रुची क्षमता अनुसार, दिनानुदिन विज्ञान र प्रविधिमा भैराखेको प्रगतिको उच्चतम प्रयोगको अभ्यास गर्न सहज अवसर पाउने खालको हुनुपर्दछ । उनीहरुको जीवनशैलीलाई सुविधा सम्पन्न, प्रभावकारी र प्रभावशालि बनाउँदै निरन्तर समाज र देशलाई प्रगतिन्मुख बनाउन प्रयत्नशील जिम्मेवार नागरिक बनाउने खालको प्रगतिशील शिक्षा आजको खाँचो हो । बालबालिका भन्दा हामी जान्ने छौं । हामीले भनेको मात्र उनीहरुले मान्नु पर्दछ भन्ने पुरातनवादी सामन्ति सोचका आधारमा उनीहरुलाई जबरजस्त लादने खालको विषयवस्तु र विधी भन्दा पनि उनीहरुको क्षमताको माग अनुसारको शैक्षिक वातावरण बनाउने पौरखी नागरिक उत्पादनको पहिलो शर्त हो । कार्यकुशलतालाई निखार दिन स्थानीय आवश्यकता अनुसारको खपत हुने जनशक्ति उत्पादन गर्ने खालका पाठयक्रम निर्माण र कार्यान्यवन गरिनु पर्दछ । व्यावसायिक शिक्षाको प्रयोगात्मक कक्षामा उत्पादित सामान बजारसम्म लाने र ग्राहकलाई बेच्ने अभ्यास गराएर उनीहरुमा आत्मवल र आत्मविश्वास बढाउने खालको शैक्षिक नीति तथा कार्यक्रमको जरुरी पर्दछ ।

बालबालिकाको सक्रिय सहभागिता विद्यालय भित्र तथा बाहिरका कार्यक्रममा प्रत्यक्ष र परोक्ष रुपमा बढाउन बाल क्लबलाई स्थापना गरी सक्रिय बनाउनु बुद्धिमानी हुन्छ । उनीहरुमा आत्मबल र आत्मविश्वासको बृद्धि र विकास गर्न सामाजिक तथा परोपकारी कार्यकलापमा प्रत्यक्ष सहभागि हुन प्रोत्साहित गरिनु पर्दछ । किनकि विद्यार्थीहरु भविष्यका कर्णाधार र वर्तमानका साझेदार हुन भन्ने मान्यता अनुरुप उनीहरुको सलग्नतालाई उच्च प्राथमिकता दिइनुपर्दछ ।

अन्त्यमा,

मानवजीवनको चौतर्फी विकासका लागि जीवनोपयोगी शिक्षा अपरिहार्य हुन्छ । शिक्षाको प्रमुख उद्देश्य व्यक्तिको अन्तरनिहीत प्रतिभा प्रस्फुटन गराएर उत्कृष्टता हासिल गर्नेतर्फ उन्मुख गराउनु हो । जीवन र जगतसँग साक्षात्कार गर्दै घोकन्ते भन्दा पनि अभ्यास र अनुभवबाट हासिल गरेको व्यावहारिक ज्ञान र सीप दिगो हुने वास्तविकता हो । सामाजिक, सांस्कृतिक, धार्मिक रहनसहन, मूल्य मान्यता पहिचान र समायानुकुल परिमार्जन तथा परिस्कृत गर्दै जीवनशैलीमा उतार्न सक्षम सकारात्मक नागरिक शिक्षाले उत्पादन गर्नुपर्दछ ।

ठूलो मान्छे भन्दा पनि असल नागरिक बन्न प्रेरित अर्थात् आफ्नो खुट्टामा उभिने पौरखी नागरिक बन्ने अभ्यास गर्ने थलोको रुपमा शिक्षण संस्था विकसित गर्न सकेमा मात्र गुणस्तरीय रोजगारमूलक शिक्षका सुनिश्चित गर्न सकिएला । शिक्षाले दैनिक जीवनमा आइपर्ने चुनौतीलाई सहज रुपमा सामना गर्न सक्ने सिर्जनात्मक एवं रचनात्मक प्रतिभाको विकास गर्न सक्नुपर्दछ ।

परावलम्बी भन्दा पनि श्रमप्रति आस्था र विश्वास राख्ने लगनशील पौरखी नागरिक उत्पादन गर्ने उद्देश्य केन्द्रित शिक्षा नीति तथा कार्यक्रम हुनुपर्दछ । रोजगारीको लागि अरुको मुख ताक्ने नभई रोजगार सिर्जना गर्न सक्ने आत्मबल र आत्मविश्वास भएको उत्साही बहुआयमिक क्षमता देखाउने जनशक्ति उत्पादन गर्ने भविष्यदर्शी शैक्षिक नीति र मार्गचित्र आजको आवश्यकता हो ।

(कार्की काठमाडौंका पूर्व जिल्ला शिक्षा अधिकारी हुन्)

## नेपाल...

र विकास र प्रगति गर्नुपर्छ, कतारीले विश्वमा चिनिनु पर्छ भन्ने हो। कतारी सरकारले आफ्नो देशका प्राकृतिक स्रोत, साधनको सहि सदुपयोग गरेको पाइन्छ । जसको ज्वलन्त उदाहरण हो कतारको लोभलाग्दो बिकास र आश्चर्यजनक प्रगति पश्चात देखिएको आधुनिक कतार॥ सरकार र राज्यका विभिन्न निकायहरुमा महिलाहरुको उल्लेख्य उपस्थितिले कतारलाई अन्य अरब मुलुकको तुलनामा विशिष्टता प्रदान गरेको छ।सरकारमा बस्नेहरुले भ्रष्टाचार गरेको कमै सुन्न पाइन्छ । यहाँ भ्रष्टाचारबारे शुन्य सहनशीलता अपनाइन्छ। भ्रष्टाचार उन्मुलन अभियानमा कतारका वर्तमान अमीर शेख तमीम बिन हमद अल थानीको बिश्वब्यापी अभियान गर्व गर्न लायक छ ।

कतारी जनतामा गज्जबको र लोभलाग्दो बलियो राष्ट्रियता छ। जुन कुरा साढे ३ वर्ष लामो कठोर नाकाबन्दीले प्रष्टयाएको छ।नाकाबन्दीमा कतारले अपनाएको निति तथा अन्तर्राष्ट्रिय समुदायबीच उसले राखेको धारणा र पारस्परिक सम्बन्धलाई कायम राख्न खेलेको भुमिका कुटनैतिक इतिहासमा बिरलै देख्न पाइन्छ । समस्या हुन्छन् र आउँछन् । तर समाधान भनेको वार्ताको मेच नै हो र कसैले कसैलाई निषेध गर्नु हुँदैन भन्ने कुरा कतारले प्रष्ट पारेको छ ।

आफ्नो देशको बिकासका योजनाबारे कतारमा सबैको धारणामा एकरुपता देखिन्छ। कतारले बिगत १२ वर्षमा अनौठो चमत्कारिक विकास गरेको देख्न सकिन्छ । शिक्षा स्वास्थ्य, खेलकुद र सुरक्षाबारे गुरुयोजनाले सबै तह तबकाका नागरिकलाई समेटेको छ। फलस्वरूप कतारले पश्चिमा देशहरुका प्रतिष्ठित विश्वविद्यालयका कलेज तथा ब्राञ्चहरु यहाँ (कतार फाउन्डेसन ) मा स्थापना गरेको छ। जहाँ कतारी नागरिकसहित बिदेशी नागरिकले पनि पूर्ण छात्रवृत्तिमा अध्ययन गर्न पाउँछन्। अध्ययनपछि आकर्षक जागीर पनि सहजै पाउँछन् । स्वास्थ्यको कुरा गर्ने हो भने संयुक्त राज्य अमेरिका पछि कतारमा मात्र जेसीआई मापदण्डअनुसारको उपचार सुविधा पाइन्छ। खेल र खेलकुद कुटनीतिले बिश्वको ध्यानाकर्षण कतारतर्फ गराएको छर्लङ्गै छ। सुरक्षा मामिलामा कतारले अपनाएको आधुनिक प्रणालीका कारण कतार मध्यपूर्वको अग्रस्थानमा पर्दछ ।

कतारका संस्थापक शेख जासिम बिन मोहम्मद बिन अल थानी हुन् । शेख जासिमले शासनभार सम्हालेको दिन डिसेम्बर १८ सन् १८७८ लाई कतारको इतिहासमा स्वर्ण अक्षरले लेखिएको ऐतिहासिक दिन मानिन्छ । यसैको सम्झनामा कतारले हरेक वर्ष १८ डिसेम्बरलाई राष्ट्रिय दिवसकोरुपमा मनाउने गरेको छ ।

कतारका अनगिन्ती सबल पक्षहरु छन्, जसले कतारलाई उचाइंमा पुर्याउन मद्दत गरिरहेको छ । आज कतार र राजधानी दोहाको नाम नसुन्ने कमै होलान् । यद्यपि कतारबारे केही तथ्यहरु बढो रोचक बिषय भित्र पर्दछन् । सानो जनसंख्या त्यसमा पनि युवाहरुको ठूलो संख्या कतारका सबल पक्ष हुन् भने कतारलाइ पेट्रोल र प्राकृतिक ग्यास एल एन जीको भण्डारको सहयोगले बिश्वको सबैभन्दा धनी देशको सूचीमा पार्न सफल भएको छ। सिङ्गापुर पछि बिश्वका सबैभन्दा अधिक अरबपत्तिहरु बस्ने देश हो कतार । कतार एयरवेज, कतार फाउन्डेसन, कतारका विभिन्न प्रकारका सङ्ग्राहलय तथा कतार च्यारिटी यहाँका महत्वपूर्ण आकर्षण हुन् । २४ लाखभन्दा बढी आप्रवासीहरु यहाँ बसोबास गर्ने हुनाले कतार आप्रवासीहरुको निम्ति दोस्रो घर बन्न पुगेको छ। यहाँ १८० देशका नागरिकहरु बसोबास गर्दछन ।

आधुनिक कतारको निर्माणमा लाखौं नेपाली श्रमिकले योगदान पुर्‍याएका छन् । करिव तीन लाख नेपालको दोश्रो घर बनेको छ, कतार । यहाँ लाखों नेपाली श्रम मात्र गर्दैनन्, हजारौं नेपालीले ब्यापार ब्यबसाय पनि गरेका छन् । यहाँ रहेका नेपालीहरु कतारको चाखलाग्दो बिकासलाई हेरेर आफ्नो देशमा पनि यस्तै बिकास भएको हेर्न चाहन्छन् ।

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नरेन्द्र प्रसाद ढकाल (अध्यक्ष)
भवानी निरौला (महासचिव)
तथा
नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन
परिवार
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१-४४६६४२८

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
पी. बी. राई
(प्रवन्ध निर्देशक)
तथा
राज ओभरसिज प्रा.लि.
परिवार
मिनभवन, शान्तिनगर, काठमाडौं, फोनः ४१०६५५९, ४१०६७८८

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नवराज थापा
प्रवन्ध निर्देशक
तथा
प्रस्तुति रिक्रुटमेन्ट प्रा.लि.
परिवार
Prastuti Recruitment Pvt. Ltd.
बसुन्धारा, काठमाडौं, नेपाल, फोनः ४९८८१४२, ४९६३५८८